# कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन


माया ढुङ्गेल

परीक्षा क्रमाङ्कः२१४००४५

क्याम्पस रोल नं.:७७

त्रि.वि.द.नं.:९-२-२१५-५३-२०१०

शैक्षिक सत्र :२०७१/२०७२


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा

विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको

नेपा.शि.(५८९) पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षण विभाग

सुन्दरहरैंचा, मोरङ

२०७६/२०१९

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत *कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन*शीर्षकको शोधपत्र अर्को प्रयोजनको लागि कहीँ कतै पेस नगरेको र अनुसन्धान कार्य मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

....................................

माया ढुङ्गेल

एम.एड दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७७/११/

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत *कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन*शीर्षकको शोधपत्र शोधार्थी माया ढुङ्गेलले मेरो निर्देशनमा रही मिहिनेतका साथ तयार पार्नु भएकोले यस शोधकार्यप्रति म सन्तुष्ट छु। अत : यस शोधकार्य मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु।

....................................

दीपकप्रसाद न्यौपाने

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुन्दरहरैंचा, मोरङ

मिति : २०७७/११/

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह ( एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि यो शोधपत्र तयार गरिएको हो ।

यस शोधपत्र लेखनको प्रारम्भदेखि आफ्नो व्यस्तताका बाबजुद यस स्वरूपमा ल्याउन अविच्छिन्न रुपमा सल्लाह, सुझाव र कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक गुरु श्री दीपकप्रसाद न्यौपानेज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी शोधप्रस्ताव शीर्षक चयन, शोधपत्र लेखनकै दौरानमा आवश्यक सल्लाह, सुझाव र प्रेरणा दिनुहुने नेपाली विभागीय प्रमुख उ.प्रा. श्री उमानाथ भ§राई लगायत विभागका सम्पूर्ण गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसै क्रममा मलाई शोधपत्र लेखनमा सहयोग गर्नुहुने श्री धनपाल मा.वि. बेलबारीका प्रधानाध्यापक श्री कौशलकुमार सिंह राई र शिक्षकहरुमा धन्यवाद अर्पण गर्दछु ।

यसैगरी मेरो अध्ययनका हरेक क्षणमा उपयुक्त सल्लाह सुझाव र हौसलापूर्वक निर्देशन दिएर शैक्षिक यात्राको यो तहसम्म पुऱ्याउनु हुने मेरा आदरणीय बुबा निलमणी ढुङ्गेल र आमा अम्बिका ढुङ्गेल साथै मेरा श्रीमान् कविराज पोखेलप्रति सदा अनुग्राही रहनेछु ।

यस शोधपत्र लेखनको क्रममा आइपरेका अन्योलग्रस्त परिस्थितिमा आवश्यक सल्लाह, सुझाव र सहयोग पुऱ्याउनु हुने आदरणीय दिदी उमा ढुङ्गेल, सिताराम खतिवडा र समस्त मेरा आफन्तजन साथै मित्रहरु लगायत सम्बद्ध महानुभावहरुमा आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्र तयार पार्ने क्रममा  अध्ययन गरेका विभिन्न लेख, रचना तथा पाठ्यपुस्तकका लेखक तथा सम्पादकहरूप्रति नतमस्तक भई आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्रको कम्प्युटर टाइप छिटो, छरितो र शुद्धसँग कार्यसम्पादनमा अमूल्य सहयोग पुऱ्याउनु हुने श्री कविराज पोखेललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मिति : २०७७/११/

शोधकर्ता

माया ढुङ्गेल

# शोधसार

शोधशीर्षक : कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन

शोधार्थी : माया ढुङ्गेल

शोध निर्देशक : श्री दीपकप्रसाद न्यौपाने

विभाग/क्यामम्पस : नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ

पृष्ठसङ्ख्या : ५७

शैक्षिक वर्ष : २०७६ (२०१९)

कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन शीर्षकमा शोध तयार पार्ने क्रममा मुख्य उद्देश्यहरूको रूपमा पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षको अध्ययन गर्नु, पाठ्यक्रम अनुरुप प्रस्तुत पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष केलाउनु र दुर्बल पक्ष निराकरणका लागि सुझाव दिनु रहेको छ ।

प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा तीनको मेरो नेपाली किताबमा आधारित रहेको छ । यस अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरेर पाठ्यपुस्तक विश्लेषणका निम्ति शिक्षाविद, पाठ्यक्रम,पाठ्यपुस्तक विशेषज्ञ तथा अध्येताहरुले निर्धारण गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यताहरुको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ र ती तथ्याङ्कको व्याख्यात्मक र वर्णनात्मक ढङ्गले विश्लेषण गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठ, बँधाइ कमजोर रहेको पाठ्यपुस्तकमा प्रयोग भएको कागज मधुरो र कम गुणस्तरको प्रयोग गरिएको, प्रत्येक पाठमा चित्रको प्रयोग गरिएको, सबै पाठमा भाषाका सबै सीप सनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित अभ्यासहरु समावेश गरिएको, अभ्यासहरुको वितरण समानुपातिक नरहेको सबै पाठहरुमा दिएको शब्दार्थ सहज रुपमा नदिएर अभ्यासहरुको रुपमा दिइएको, अभ्यासहरुको निर्देशन रातो मसीले लेखेर विद्यार्थीको ध्यान आकर्षण गरिएको, सबै पाठहरुमा प्रयोग गरिएको अक्षरको आकार समान नरहेको, पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य अनुरुप विद्यार्थीहरुको पूर्व अनुभव, स्तर र क्षमतालाई ख्याल गरेर तयार गरिएको छ ।

पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठलाई बलियो बनाउनुपर्ने, पाठ्यपुस्तकमा प्रयोग भएको कागज सफा र बाक्लो बनाउनुपर्ने, शब्द र तिनीहरुको अर्थ अभ्यासका रुपमा नदिई सहज रुपमा दिनुपर्ने, अभ्यासको वितरण समानुपातिक रुपमा गर्नुपर्ने सुझावहरु यस शोधमा प्रस्तुत गरिएको छ ।

# विषयसूची

पृष्ठ संख्या

घोषणा पत्र क

सिफारिस पत्र ख

स्वीकृति पत्र ग

कृतज्ञता ज्ञापन घ

शोधशार ङ

विषयसूची च

**परिच्छेद एकः परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनका उदेश्यहरू ३

१.४ अध्ययनको महत्व ४

१.५ अध्ययनको क्षेत्र र सीमा ४

**परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरवलोकनर अवधारणात्मक ढाँचा**

२.१ सैान्तिक साहित्यको पुनरवलोकन ५

२.२ सम्बन्धित साहित्यको पुनरवलोकन ८

२.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता ११

२.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा ११

**परिच्छेद तीनः अध्ययनको विधि र प्रक्रिया**

३.१ अध्ययनको ढाँचा र विधि १३

३.२ अध्ययनको क्षेत्र १३

३.३ तथ्याङ्क संकलन साधन र तरिका १३

३.४ तथ्याङ्क संकलन प्रक्रिया १४

३.५ तथ्याङ्कको ब्याख्या र विश्लेषण प्रक्रिया १४

**परिच्छेद चारः कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषण**

४.१पाठ्यक्रम अनुरूपताका आधारमा वर्तमान पाठ्यपुस्तकको अध्ययन १५

४.१.१ पाठ्यक्रमका उदेश्यका आधारमा पाठ्यपुस्तकको अध्ययन १६
४.१.२ शिक्षण विधि÷प्रक्रिया २१
४.१.३ पाठ्यक्रम मूल्याङ्कन २१
४.२ आन्तिरिक पक्षको आधारमा कक्षा तीनको नेपाली किताबको अध्ययन २२
४.२.१ स्तरगत उपयुक्तता २२
४.२.२ प्रस्तुतिगत उपयुक्तता ३२
४.३ बाह्य पक्षको आधारमा कक्षा तीनको नेपाली किताबको अध्ययन ३४
४.३.१बनोट ३५
४.३.२ अक्षर आकार, ठाउँ छोडाइ÷अन्तराल ३५
४.३.३ छपाइ र बधाँइ ३६
४.३.४ कागजको गुणस्तर ३७
४.३.५ मूल्य र सुलभता ३८
४.४ निष्कर्ष ३८
**परिच्छेद पाँचः निष्कर्षर सुझाव**
५.१ निष्कर्ष ३९
५.२सुझाव ४०
५.२.१ नीतिगत तहका लागि ४०
५.२.२अभ्यास तहका लागि ४१
४.२.३अनुसन्धान तहका लागि ४१
सन्दर्भ सामग्री
परिशिष्टहरू